# २०७७ पौष ७ गते बसेको विशेष नगर सभाको निर्णयहरुको प्रतिलिपि

प्रस्तावहरु

प्रस्ताव नं.१: व्यास नगरपालिका सार्वजनिक निजी साझेदारी सम्बन्धी विधेयक, २०७७ सम्बन्धमा ।
प्रस्ताव नं.२: व्यास नगरपालिका आर्थिक ऐन २०७७ संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.३: नापी नक्शामा रहेको पुरानो गोरेटो बाटो सम्बन्धमा ।

**निर्णय नं.१**: प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा सार्वजनिक निजी साझेदारको माध्यमबाट नगरपालिकामा पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा सार्वजनिक सेवा प्रवाह गरी नगरको वृहत्तर सामाजिक तथा आर्थिक विकास गर्न तथा सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने उद्देश्यका साथ प्रस्ताव गरिएको "व्यास नगरपालिका सार्वजनिक निजी साझेदारी सम्बन्धी विधेयक, २०७७" उपर छलफल गरी पारित गरियो ।

**निर्णय नं.२**: प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका आर्थिक ऐन २०७७ लाई देहाय बमोजिमको अनुसूचीहरुमा थपघट गरी संशोधन गर्ने सम्बन्धी संशोधित प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

(१) आर्थिक ऐनको दफा १४ सँग सम्बन्धित अनुसूची १२ को प्राकृतिक साधन उपयोग करमा संशोधन:

| सि.नं. | विवरण | करको दर |
|---|---|---|
| १. | ढुङ्गा, गिटी, ग्रेगान | रू.१२। (प्रति क्युबिक फिट) |
| २. | कटपिस ढुङ्गा (उत्खनन् गरी चुकाएर पातलो गरिएको तर मेसिनले काट्न बाँकी | रू.१७। (प्रति क्युबिक फिट) |
| २.१ | कटिङ ढुंगा मेसिनले काटिसकेको | रू.२५। (प्रति क्युबिक फिट) |
| ३. | छपनी सादा ढुङ्गा बाक्लो | रू.११।५० (प्रति क्युबिक फिट) |
| ४. | चुन ढुङ्गा | रु.४।५० (प्रति क्युबिक फिट) |
| | बालुवा | रू.१२। (प्रति क्युबिक फिट) |
| ५. | कालीमाटी र रातो माटो | रू.३। (प्रति क्युबिक फिट) |

नोट: -माथि उल्लेखित दररेटमा मू.अ. कर तथा अन्य कर थप हुनेछ ।
-माथि सि.नं.२ र २.१ मा उल्लेखित करमा दोहोरो नपर्ने गरी लिइने छ ।

(२) आर्थिक ऐनको दफा १५ सँग सम्बन्धित अनुसूची १३ (१०) मा थप:

| | | |
|---|---|---|
| (ग) | स्लेट ढुंगा उत्खनन् उद्योग दर्ता शुल्क | रु.१५,०००। |
| (घ) | कटिङ ढुंगा उद्योग दर्ता शुल्क | रु.१०,०००। |

**निर्णय नं.३**: प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा नगरपालिका क्षेत्रभित्र साविकको नापी नक्सामा अंकित भएको गोरेटो बाटो (टिकटिके लाइन) को हकमा निम्न लिखित बुँदाहरुको अधिनमा रही नक्सापास गर्ने निर्णय गरियो ।

(१) प्रस्तावित कित्तामा रहेको गोरेटो बाटो हालको अवस्थामा कुनैपनि किसिमले प्रचलनमा नरहेको र उक्त कित्ताले मापदण्ड अनुसारको छुट्टै अन्य बाटोको निकास रहेको भनी स्थानीय टोल संस्था, फिल्ड

सर्जमिन गर्ने प्राविधिकले पेश गरेको प्रतिवेदन र सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा नक्सापास गर्ने ।

(२) १ नं. बुँदा कायम भएको खण्डमा प्रस्तावित कित्तामा रहेको गारेटो बाटोको मापदण्ड दुवैतर्फ न्यूनतम १ मिटर दायाँबायाा साँध सिमानाबाट छाड्न लगाई नक्सापास गर्न सकिने छ तर उक्त छोडेको जग्गालाई जग्गा उपयोग प्रतिशतमा (Ground Coverage) गणना गर्न पाइने छैन ।

(३) १ नं. बुँदा कायम भएको खण्डमा उक्त गोरेटो बाटोलाई मात्र आधारमानी नक्सापास गर्न सकिने छैन, नक्सापासको लागि प्रस्तावित जग्गाले प्रचलित नियम र मापदण्ड अनुसारको बाटोको निकास भएको हुनुपर्नेछ ।